# पौवादुङमा गाउँपालिकाको आन्तरिक आय संकलन ठेक्का आह्वानको सूचना

मितिः २०८०/०४/१०

पौवादुङमा गाउँपालिका द्वारा आ.व.२०८०/८१ का लगि आर्थिक ऐन २०८० को दफा ११ अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकाले इच्छुक दर्तावाला फर्महरुले देहायको शर्त र बन्देजको अधनमा रहि गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु मु.अ. कर बाहेक | शिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/८०/८१ (राजस्व) | निकासी कर संकलन ठेक्का | एक बर्ष | रु ३,००,०००।- | १०००।- |
| २ | २/८०/८१ (राजस्व). | विज्ञापन कर संकलन ठेक्का | एक बर्ष | रु २५,०००।- | १०००।- |

शर्तहरु

१.दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको राजस्व शाखाबाट खरिद गरि पेश गर्न सकिने छ ।

२.शिलवन्दी दरभाउपत्र साथ जमानत वापत कबोल गरेको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेघा बैक तिवारी भञ्याङ्गको धरौटी खाता नं. ०६६०१४००२५००५४ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३.दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ ।

४.छुट्टा छुट्टै विषयको दरभाउपत्र वा बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम , छाप र फोन नं स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।

५.रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्र मिति २०८०/०४/२५ गते दिनको १ बजे यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६.म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

७.दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यालयमा फर्म दर्ता भइ आ.ब. २०७९।०८० को कर चुक्ता भएको हुनुपर्ने छ र पेश गर्ने फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा ब्यवसाय कर प्रमाणपत्र प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

८.ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ।

९.ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१०.कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा एक बर्षे ठेक्काको हकमा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोर्शो किस्ता २०८० कार्त्तिक् मसान्त भित्र र अन्तिम किस्ता २०८० फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बांकी रकमको हकमा २०८१ असार मसान्त सम्म म्याद कायम रहेको मान्यता प्रास बैंकबाट जारि गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । ।

११.तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१२.ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट उक्त बांकी रकम अशुल उपर गरिने छ ।

१३.ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का गाउँपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१४.ठेक्का संचालन गर्दा गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिने छ ।

१५.ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१६.कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि गाउँपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई गाउँपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१७.दरभाउपत्र स्वीकृत भएका जानकारी पाएका ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठकदारल राखका धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कवोल गर्नेसंग संझौता गरिनेछ ।

१८.यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

१९.नेपाल सरकार, अदालत र गाउँपालिकाको आदेश निर्देशन निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२०.कार्यालय खुलेको दिन कार्यालय समय भित्र राजस्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिने छ ।

२६.कर, दस्तुर शुल्क संकलनको दररेट सहितको सूची दरभाउपत्रसाथ उपलब्ध गराईनेछ ।

२७.यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## जडीबुटीकवाडी र जीवजन्तु कर ,

| | करको क्षेत्र | एकाई | आ.व.२०७८/७९ का लागि दर रेट | आ.व.२०७९ का लागि ८०/ वास्तविक दर रेट | आ.व.२०८० ८१/ का लागि वास्तविक दर रेट | |
|---|---|---|---|---|---|---|
| पशु निकासीकर | | | | | | |
| | गाईगोरु ,घोडा ,खच्चड ,भैंसी ,राँगा , | प्रतिगोटा | 50 | 50 | ५० | |
| | बाख्राभेंडा,सुगुर , | प्रतिगोटा | 25 | 25 | २५ | |
| | हाँसपरेवा ,कुखुरा , | प्रतिगोटा | 10 | 10 | १० | |
| | | | | | | |
| | खयर बाहेक सबै प्रकारका काठ , गोलिया कटान सिफारीस शुल्क | प्रति सिफारीस | 1500 | 1500 | २००० | |
| | खयरको कटान सिफारिस | प्रति सिफारिस | 2500 | 2500 | ३००० | |
| | चिलाउन उतिस ,पात्ले लगायतका, सकुकाठ गोलिया निकासी कर | प्रति ट्रक(सानो) | 1000 | 1000 | १५०० | |
| | | प्रति ट्रक(ठूलो) | 2000 | 2000 | २५०० | |
| | चिलाउनेसल्लो ,पात्ले ,उतिस , लगायतका कुकाठ चिरानी काठ निकासी कर | प्रति ट्रक(सानो) | 3000 | 3000 | ३५०० | |
| | | प्रति ट्रक(ठूलो) | 4000 | 4000 | ४५०० | |
| | खयर निकासी कर | प्रति ट्रक | 5000 | 5000 | ५५०० | |
| | बाँस निकासी | प्रति ट्रक | 1000 | 1000 | १५०० | |
| | अलैची निकासी कर | प्रति किलो | 10 | 10 | १० | |
| | अदुवा निकासी | प्रति किलो | 50पैसा | 50पैसा | ५०पैसा | |
| | खुर्सानी | प्रति केजी | रु1 | रु1 | १रु | |
| | अम्लिसो निकासी | प्रति किलो | 50पैसा | 50पैसा | ५० पैसा | |
| | तरकारी निकासी | प्रति टयाक्टर | 200 | 200 | २०० | |
| | दाल निकासी | प्रति किलो | 1 | 1 | १ | |
| | चिराईतो लगायतका अन्य जडीबुटी निकासी | प्रति किलो | 2 | 2 | २ | |

| क.सं. | विवरण | सार्वजनिक स्थान प्रति वर्ग फिट रु | निजि स्थान प्रति वर्ग फिट रु |
|---|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड पालिका क्षेत्रभित्र बार्षिक | ६० | ३५ |
| २ | लाईट होर्डिङ्ग बोर्ड नगर क्षेत्रभित्र बार्षिक | ७० | ५० |
| ३ | वालबोर्ड बार्षिक | ६० | ३५ |
| ४ | फ्ल्यास बोर्ड मुख्य राजमार्ग बार्षिक | ६० | ३५ |
| ५ | फ्ल्यास बोर्ड मुख्य राजमार्ग बाहेक शाखा रोडमा पालिका क्षेत्रभित्र बार्षिक | ४० | ३० |
| ६ | वाल पेन्टसटर पेन्ट बार्षिक , | ५ | ५ |
| ७ | एसिपि बोर्डलाईट बोर्ड बार्षिक , | ६० | ३५ |
| ८ | Led digital hoarding board / Led display board/ Neon Shine Board बार्षिक | ६० | ३५ |
| ९ | 2 D/ 3D/Glo sigh board बार्षिक रु २००।०० प्रति वर्ग फिट | | |
| १० | राजमार्गमा स्वागतद्वार राख्न पाइने छैन । अन्य स्थानमा गेट राख्न गापाको स्विकृति लिएर मात्र राख्न पाइनेछ ५००। रु (प्रति हप्ता) | | |
| ११ | पोल ब्यानर३० प्रतिहप्ता रु , | | |
| | विद्युत पोल बोर्ड बार्षिक रु १०००। | | |
| | सार्वजनिक स्थानमा प्रचार तथा स्टल राखी प्रचार कार्यक्रम प्रतिदिन रु ५००। | | |
| | गाले स्विकृति दिएको र सम्झौता गरेकोमा लिइने .पा. छैन। | | |
| | प्रचार प्रसार माईकिंग प्रतिदिन रु १०० मात्र राजनैतिक दल र सार्वजनिक हितको सूचनामा लिनपाइने छैन। | | |
| | मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापनलाई निजि तथा सार्वजनिक स्थलमा राख्न स्विकृति दिइने छैन । | | |
| | राजनैतिकमहिनासम्म १ धार्मिक र सामाजिक ब्यानर , निः शुल्क राख्न दिने | | |
| | डिजिटल प्रणालीमा हुने विज्ञापनमा ५ प्रतिशत करछुट दिइनेछ। | | |
| | गाउँपालिकामा व्यवसाय दर्ता गरि आफ्नो पहिचानका लागि ३साइज फिट सम्मको परिचयपाटीमा १०* विज्ञापन कर लाग्ने छैन । | | |

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत